- **New Commercial Office**

मंगन जिल्लाका करदाताहरूलाई उन्नत पहुँच र सेवाहरू प्रदान गर्ने लक्ष्यका साथ आज सिक्किम सरकारको वित्त विभागअन्तर्गत वाणिज्यिक कर प्रभागले मंगन नगर पञ्चायत भवनमा आधिकारिक रूपमा आफ्नो नयाँ कार्यालय खोलेको छ। यसको उद्देश्य कुशल कर प्रशासन र सार्वजनिक सेवा वितरणमा विभागको प्रतिबद्धतालाई अघि बढ़ाउनु हो। वाणिज्यिक कर प्रभागका सेवा निवृत्त कर्मचारी नाक छिरिङ लेप्चाको बाहुलीद्वारा उदघाटन गरिएको नयाँ कार्यालय कर सेवाहरूको विकेन्द्रीकरण र यसलाई जिल्लावासीसम्म पुऱ्याउने दिशामा एउटा महत्त्वपूर्ण कदम हो।

---------------------------------------X---------------------------------------

- **Rhenock PHC**

रिनाक सामुदायिक स्वास्थ्य केन्द्र (PHC)-ले आज एक पृथ्वी, एक स्वास्थ्यका लागि योग विषयमा एक विशेष कार्यक्रम समयोग आयोजन गऱ्यो। रिनाख खण्डको बागवानी विभागमा आज सम्पन्न कार्यक्रममा वैकल्पिक चिकित्सा, आधुनिक चिकित्सा र योग लगायत विभिन्न गतिविधिहरू समावेश थिए।
आयुष विभागका विज्ञ प्रयास शर्मा र जीना थापाले आफ्ना अनुभवहरू साझा गरे। यस अवसरमा उपस्थित चालीसजना प्रतिभागीले कार्यक्रमको लाभ उठाए।

---------------------------------------X---------------------------------------

- **Evacuation Process**

मंगनको चातेनबाट आज बिहान तीनवटा MI-17 हेलिकप्टरबाट पाकिम विमानास्थलमा अवतरण गराइएका छयातरजना सेना जवानहरूसितै हवाई निकासी प्रक्रिया पूरा भएको छ। यसका साथै केही दिनअघि मंगन जिल्लाको चातेनमा भएको घटनापछि त्यहाँ थुनिएका सबै पर्यटकहरूलाई सफलतापूर्वक उद्धार गर्ने प्रक्रिया पूरा भयो।
यसअघि आज बिहान पाकिम विमानास्थलबाट चातेन जाने क्रममा MI-17 हेलिकप्टरको माध्यमबाट प्रभावित स्थानमा आवश्यक सामग्री पुऱ्याइयो। यस अवधि हेलिकप्टरमा तेह सय केजी राहत सामग्री लिएर खाद्य एवं नागरिक आपूर्ति विभागका पाँचजना अधिकारीहरू चातेन पुगेका थिए।
राज्य सरकारले घटनापछिको अवस्थाबारे नजिकबाट निगरानी गर्नका साथै प्रभावितहरूका निम्ति आवश्यस सबै सहयोग उपलब्ध गराउन प्रतिबद्ध रहेको बताएको छ।

---------------------------------------X---------------------------------------

- **CCPA Advisory**

केन्द्रिय उपभोक्ता संरक्षण प्राधिकरण (CCPA)-ले सबै E-कमर्स प्लेटफर्म्सलाई परामर्श जारी गर्दै आफ्नो प्लेटफर्म्सको माध्यमबाट कुनै पनि धोखाधड़ी वा अनुचित व्यापारको गतिविधि हुन नपाओस भन्ने कुराको सुनिश्चित गर्न आवस्यक पहल गर्नु भनेको छ। उपभोक्ता कार्य मन्त्रालयले एउटा बयानमा भनेको छ, E-कमर्स प्लेटफर्म्सले तीन महिनाभित्र स्वयं निरीक्षण गरेर अनुचित पद्धतिको पत्तो लगाउनुपर्छ। CCPA-ले केही मामिलामा E-कमर्स प्लेटफर्म्सलाई अनुचित व्यापारिक तरिकाको रोकथामको दिशानिदेर्शको उल्लंघन गरेको मामिलामा नोटिस पनि जारी गरेको छ। मन्त्रालयले भनेको छ, CCPA-को दिशानिदेर्शको उल्लंघनको मामिलामाथि कड़ा नजर राखिँदैछ।

---------------------------------------X---------------------------------------

- **DC Meeting**

एक पेड़ माँ के नाम २.० नामक राष्ट्रव्यापी अभियानका निम्ति जिल्ला स्तरीय समितिको बैठक आज गेजिङ जिल्ला प्रशासनिक केन्द्रको सम्मेलन कक्षमा बस्यो। बैठकको उद्देश्य आमाहरूको सम्मानमा विरूवा रोपणलाई प्रवद्धन गर्नु थियो, जसले राज्यभरि उल्लेखनीय गति लिएको छ। यस दिशामा स्थानीय निकायहरू अघि आएर पर्यावरण संरक्षणका निम्ति आफ्नो प्रयासलाई अघि बढ़ाइरहेछन्।

जिल्लाधीश तेञ्जीङ D डेञ्जोङपाको अध्यक्षतामा बसेको बैठकमा जिल्लाका सबै खण्ड र पञ्चायतहरूमा अभियानको प्रभावकारी कार्यान्वयनका लागि मार्गचित्रबारे छलफल गर्न समिति गठन गरियो। यस अवधि वन विभागले बिरुवाको खरिद, विरूवा रोपण स्थलहरूको पहिचान र विरूवा रोपण पछिको हेरचाहबारे विस्तृत योजना प्रस्तुत गऱ्यो।

जिल्लाधीशले अभियानको पारिस्थितिक मूल्यमाथि जोड़ दिँदै भन्नुभयो, आमाको नाममा रूख रोप्नु केवल प्रतीकात्मक मात्र नभएर एउटा जीवित श्रद्धाञ्जली हो, जसले हाम्रो ग्रहको स्वास्थ्यमा योगदान पुऱ्याउँछ। उहाँले सबै सम्बन्धित विभागसित निम्न स्तरमा सामुदायिक सहभागिता र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न निकट समन्वय राख्ने निर्देश दिनुभयो।

---------------------------------------X---------------------------------------

- **PM**

प्रधानमन्त्री नरेन्द्र मोदीले सीमापार आतङ्कवाद विरुद्ध शून्य सहिष्णुताको पुन:पुष्टि गर्दै रक्षामन्त्री राजनाथ सिंहद्वारा लिखित एउटा लेख साझा गर्नुभएको छ। भारतमाथि आक्रमणको भीषण प्रतिक्रिया दिइने तथा आतङ्कवाद अनि यसका संरक्षकबीच कुनै भेद नराखिने रक्षा मन्त्रीले पुन:पुष्टि गरेको श्री मोदीले बताउनुभएको छ।

रक्षा मन्त्रीको लेखको उत्तर दिँदै प्रधानमन्त्री भन्नुहुन्छ, रक्षा मन्त्री श्री राजनाथ सिंहले सीमापार आतङ्कवाद विरुद्ध भारतको शून्य सहिष्णुतालाई पुनः पुष्टि गर्नुभएको छ। भारतमाथि कुनै प्रकारको आक्रमणको भीषण प्रतिक्रिया दिइने तथा आतङ्कवाद अनि त्यसका संरक्षकबीच कुनै भेद नराखिने उहाँले दाबी गर्नुभएको छ।

---------------------------------------X---------------------------------------

- **Career Counselling**

सिक्किम सरकारको कौशल विकास विभागले आज विश्व युवा कौशल दिवसको अवसर साथै राज्य स्थापनाको पचास वर्षको उत्सवको एक भागको रूपमा प्रशिक्षणका लागि करियर परामर्श र परिचालनको आयोजना गऱ्यो। सिच्छे सरकारी वरिष्ठ माध्यमिक विद्यालयमा आयोजित कार्यक्रमको उद्देश्य सिक्किमका युवाहरूलाई विभिन्न कौशल विकासका पहल तथा करियरका निम्ति उपलब्ध अवसरको बारेमा जानकारी प्रदानर गर्नु थियो। विद्यार्थीहरूलाई भविष्यको करियरबारे निर्णय लिन आवश्यक ज्ञान र कौशल प्रदान गर्नु पनि कार्यक्रमको अर्को उद्देश्य हो।

---------------------------------------X---------------------------------------